नेपाल सरकार

गृह मन्त्रालय

# नेपाल प्रहरी प्रधान कार्यालय

## केन्द्रीय अनुसन्धान ब्यूरो

(प्रशासन शाखा)


फोन: ०१-४४११७७६

मोबाईल नं.: ९८५१२८३१४०

फ्याक्स : ०१-४४१४३९१

पो.ब.नं.४०७

महाराजगञ्ज, काठमाडौं ।


मिति: २०७९/०१/२९ गते ।

### प्रेस विज्ञप्ती- ९२

### "वैंकिङ् कसूर मुद्दाका फरार प्रतिवादी पक्राउ"

मकवानपुर जिल्ला,हेटौंडा उ.म.न.पा वडा नं.७ घर भई हाल का.जि.का.म.पा.वडा नं.३२ नयाँबानेश्वर बस्ने बर्ष ३८ का रामहरि अधिकारीले स्ट्याण्डर्ड चाटर्ड बैंक लिमिटेड नयाँबानेश्वर शाखामा रहेको निजको खाताहरुबाट रकम भुक्तान हुने भनी उक्त बैंक खाताहरुमा पर्याप्त मौज्दात रकम नभएको भन्ने जानी-जानी जाहेरवालाहरुलाई झुक्यानमा पारी दिएको चेकको रकम भुक्तान हुन नसकेको ठहर गर्दै सम्मानित उच्च अदालत पाटनले वैंकिङ् कसूरका २ थान मुद्दाहरुमा मिति २०७९/०१/०४ मा फैसला गर्दै प्रतिवादी रामहरि अधिकारीलाई बैंकिङ् कसूर तथा सजाय ऐन २०६४ बमोजिमको कसूरमा जम्मा ५(पाँच) दिन कैद र रु.१७,४२,०००/- (सत्र लाख बयालिस हजार रुपैंया) जरिवाना हुने ठहर गरेकोमा यस केन्द्रीय अनुसन्धान ब्यूरोबाट फैसला कार्यान्वयन तथा फरार प्रतिवादीहरुको खोजतलास एवं पक्राउको लागी परिचालित टोलीले निज प्रतिवादीलाई मिति २०७९/०१/२९ गते शान्तिनगर,काठमाडौंबाट पक्राउ गरी फैसला कार्यान्वयनको लागि सम्मानित काठमाडौं जिल्ला अदालतमा पेश गरेको ब्यहोरा सूचित गरिन्छ।

**पक्राउ प्रतिवादी:**

| | |
|---|---|
| **प्रतिवादी:** | रामहरि अधिकारी |
| **उमेर:** | ३८ बर्ष। |
| **ठेगाना:** | मकवानपुर जिल्ला,हेटौंडा उ.म.न.पा वडा नं.७ घर भई हाल का.जि.का.म.पा.वडा नं.३२ नयाँबानेश्वर। |
| **मुद्दा:** | बैंकिङ् कसूर (२ थान) |
| **सजाय:** | पाँच दिन कैद र रु. १७,४२,०००/- जरिवाना। |
| **फैसला मिति:** | २०७९।०१।०४ |
| **पक्राउ मिति:** | २०७९/०१।२९ |
| **पक्राउ स्थान:** | शान्तिनगर,काठमाडौं। |



**उप निर्देशक**

(श्याम कुमार महतो)

प्रहरी उपरीक्षक

प्रवक्ता एवं सूचना अधिकारी

सम्पर्क नम्बर: ९८५१२९१३११

मिति २०७९/०१/२९गते ।